श्रीमान प्रमुख निर्वाचन आयुक्त ज्यू                मिति: २०७९/०६/२४ गते

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं

विषय: **आवश्यक छानविन गरी उम्मेदवारी खारेज गरिपाउँ ।**

महोदय,

२०७९ साल मंसिर ४ गते हुन गइरहेका प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा उम्मेदवारी दिएकाहरुको व्यक्तिगत चरित्र, विगतमा सार्वजनिक पद धारण गर्दा उनीहरुले कुनै भ्रष्टाचार जन्य कृयाकलाप गरेको पाइए, फौजदारी अभियोगमा दोषी करार भएको लगायत पाइएमा निज व्यक्तिको उम्मेदवारी विरुद्ध उजुरी दिन सकिने निर्वाचन आयोगले व्यवस्था गरे बमोजिम सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ३ का लागि नेपाली कांग्रेसबाट प्रतिनिधि सभा निर्वाचनका लागि मिति २०७९ असोज २३ गते उम्मेदवार बन्नु भएका पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारको उम्मेदवारी खारेज गरिपाउँ भनी यो उजुरी पेश गरिएको छ ।

**श्रीमान,**

प्रस्तुत विषयमा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार सहित १७५ जना माथि बहुचर्चित ललिता निवासको जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा २०७६ साल माघ २२ गते मुद्दा दायर गरेको यहाँमा सर्वविदितै छ। बालुवाटारस्थित बहुमूल्य जग्गा व्यक्तिको नाममा दर्ता गरेको ठहर गर्दै गच्छदार लगायत अन्य व्यक्तिहरु विरुद्ध मुद्दा दायर गरिएसँगै तत्कालिन सांसदसमेत रहेका विजयकुमार गच्छदार निलम्बनमा छन् । गच्छदारलाई विसं २०६७ मा भौतिक योजना तथा निर्माणमन्त्री हुँदा भ्रष्टाचार गरेको आरोप लागेको र उहाँ विशेष अदालतमा १० लाख रुपैंया धरौटी बुझाएर रिहा हुनु भएको जानकारी गराउँदछु ।

कुनैपनि फौजदारी अभियोग, भ्रष्टाचार गरेको लगायतमा मुद्दा परेको परिप्रेक्ष्यमा पुन: निर्वाचनमा प्रतिष्पर्धा गर्नु नैतिकताका हिसाबले उचित हैन । उक्त मुद्दा हालपनि विशेष अदालतमा विचाराधिन रहेको अवस्थामा विजयकुमार गच्छदार पुन: निर्वाचन लड्नु भनेको जनमतको अपमान हो । कानुनत: विजयकुमार गच्छदारले चुनाब लड्न पाएता पनि निष्कलंक,

स्वच्छ र नैतिकवान उम्मेदवार पाउनु जनताको पनि अधिकार हो । समयसमयमा हुने निर्वाचनहरुमा जनताले इमान्दार, नैतिकवान र कुनै कसुर नलागेको व्यक्ति चुन्न पाउनुपर्छ ।

सुनसरी क्षेत्र नं. ३ आफैंमा संवेदनशील निर्वाचन क्षेत्र हो । यो क्षेत्रलाई नेपालको सबैभन्दा महंगो निर्वाचन क्षेत्र समेत भनिन्छ । निज गच्छदारले २०४८ सालदेखि पटकपटक त्यसक्षेत्रबाट निर्वाचित हुँदा राज्य शक्ति, पद र पैसाको व्यापक दुरुपयोग गर्दै, जनतालाई धम्क्याउँदै, डरत्रास र प्रलोभन देखाएर निर्वाचन जितेको, मतदान र मतगणनामा व्यापक धाँधली समेत गरेको भन्दै सर्वोच्च अदालतमा समेत मुद्दा विचाराधिन अवस्थामा रहेको छ । यस विषयले पनि निज गच्छदारको उम्मेदवारी खारेज हुनुपर्छ । निजमाथि लागेको आरोप फैसला नहुन्जेल निर्वाचनमा भाग लिन रोक लगाइयोस । गच्छदार मात्र हैन, भ्रष्टाचार, फौजदारी अभियोग लगायत जतिपनि अभियोग लागेकाहरुलाई निर्वाचनमा लड्न बन्देज लगाईयोस ।

साथै, कथंकदाचित गच्छदार निर्वाचित भएको अवस्थामा उनको सांसद पद समेत निलम्बनमा पर्ने भएकाले मुद्दा फैसला नहुन्जेलसम्म संघीय संसदमा प्रतिनिधित्व गर्न नसक्ने, संघीय संसदबाट जनताका लागि प्राप्त हुने बजेट, कार्यक्रमहरुमा सहभागी हुन नपाउने हुँदा उक्त क्षेत्रका जनता पुन: सांसद विहिन हुनुपर्ने अवस्था सृजना हुने भएकाले विजयकुमार गच्छदारको उम्मेदवारी खारेज गर्न योग्य भन्दै उनको प्रतिनिधिसभा निर्वाचनको उम्मेदवारी खारेज गरिपाउँ भन्दै यो उजुरी दर्ता गर्दछु ।

निवेदक

**विवेक अधिकारी**

काठमाडौं महानगरपालिका वडा नं. ७